

# ४ येशू, हाम्रो विश्वासिलो र भरपर्दो दाजु

*यस अध्यायका मूल पदहरूः* लेबी २५:२५-२७, हिब्रू २:१४-१६, हिब्रू ११:२४-२६, १ कोरन्थी १५:५०, हिब्रू ५:८,९ र हिब्रू १२:१-४।

*यस अध्यायको मूल सार पदः* **"किनकि छोरा-छोरीहरू मासु र रगतका सहभागी भएका हुनाले उहाँले पनि त्यही स्वभाव लिनुभयो, ताकि मृत्युद्वारा नै मृत्युको शक्ति भएकोलाई, अर्थात् दियाबलसलाई उहाँले नष्ट गरून्, र मृत्युको डरले आजीवन बन्धनमा परेकाहरूलाई उहाँले मुक्त गरिदेऊन्" (हिब्रू २:१४-१५)।**

येशू परमेश्वरको पुत्र हुनुहुन्छ, स्वर्गदूतहरूको शासक र "उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ" (हिब्रू १:३) भनेर हिब्रू १मा उहाँको बारेमा चर्चा गरिएको छ। येशू मानिसको पुत्र जो स्वर्गदूतभन्दा अलि कम गरेर मानव अवतार लिनुभएको र मानव जीवनको सबै कमीकमजोरी स्वभावहरू ग्रहण गर्नुभएर जुन मृत्यु पनि हो (हिब्रू २:७) भनेर हिब्रू २मा उहाँको बारेमा चर्चा गरिएको छ।

हिब्रू १मा परमेश्वरले येशूलाई "तिमी मेरो पुत्र हौ" (हिब्रू १:५) भन्नुभएको थियो। मानव सन्तान येशूका बन्धु वा भाइबहिनीहरू हुन् (हिब्रू २:१२) भनेर हिब्रू २मा येशूको बारेमा सम्बोधन गरिएको छ। पुत्रको सार्वभौमिकतालाई पिताले घोषणा गर्नुभएको हिब्रू १मा पाइन्छ (हिब्रू १:८-१२)। पुत्रले पिताप्रति आफ्नो विश्वास तथा प्रतिबद्धता जनाउनुभएको हिब्रू २ मा उल्लेख गरिएको छ (हिब्रू २:१३)।

येशू सनातन परमेश्वर, सृष्टिकर्ता, सँभारकर्ता र सार्बभौमिक प्रभु हुनुहुन्छ भनेर हिब्रू १मा बताइएको छ। येशू मानव पूजारी, दयालु, सदाशयी, विश्वासिलो र भरपर्दो प्रभु हुनुहुन्छ भनेर हिब्रू २ मा उहाँको बारेमा वर्णन गरिएको छ।

संक्षेप्तमा भन्ने हो भने, जब येशूलाई विश्वासीलो, भरपर्दो, करुणामय र दयालु दाजु भनेर उहाँको बारेमा बयान गर्नुको अर्थ उहाँ सनातन, सृष्टिकर्ता परमेश्वरको चरम प्रकट हुनुभएको थियो भनेर चित्रण गरिएको हामीले बुझ्नुपर्दछ (हिब्रू १:१-४)।

## १. हामीलाई उद्धार गर्नुहुने येशू हाम्रो दाजुकोरूपमा

**पौराणिक इस्राएलमा कोही कसैको दास भएर बेचिनुपरे अर्थात् आफ्नो स्वतन्त्रता हरण भए वा आफ्नो सम्पत्ति गुमाउनुपरे त्यसलाई उद्धार गर्न वा छुटाउन कसले उद्धार गर्न सक्थ्यो? हेर्नुहोस्, लेबी २५:२५-२७, ४७-४९ "२५ " 'यदि गरीबीले गर्दा छिमेकीहरूमध्ये कसैले आफ्नो जग्गाजमिनको कुनै हिस्सा बेच्नुपर्‍यो भने, त्यसको नजिकको आफन्त आएर त्यो निखनोस्। २६ तर कसैको यसरी निखनिदिने कोही छैन र त्यो आफै पछि धनी भएर निखन्न सक्छ भने, २७ त्यसले त्यो बेचेको वर्षहरू गनोस्, र जसलाई बेचेको हो त्यस बाँकी वर्षका उब्जनीको दाम फर्काइदिओस्। अनि त्यो आफ्नो जमिनमा फर्कोस्।...४७ "तिमीहरूकै कोही गरीब दाजुभाइले तिमीहरूका बीचमा वास गर्ने धनी भएको परदेशी वा प्रवासीको वा त्यसको परिवारको हातमा आफैलाई बेच्यो भने, ४८ त्यो बेचिएपछि निखन्न सकिन्छ। त्यसकै दाजुभाइमध्येको कसैले त्यसलाई निखन्न सक्छ। ४९ त्यसकै काका, दाजुभाइ, अर्थात् कोही नजिकको साइनु पर्ने कसैले त्यसलाई निखनोस्। अथवा पछि त्यसको औकात पुग्यो भने त्यसले आफैलाई निखनोस्।"**

यदि कोही व्यक्ति असाध्यै गरिब भयो र उसले आफ्नो सम्पत्ति वा आफूलाई नै बेच्नुपरे प्रत्येक पचास वर्षमा वा पुनर्स्थापनाको वर्षमा आफ्नो सम्पत्ति वा आफ्नो स्वतन्त्रता फिर्ता पाउनुपर्छ भनेर मोशाको व्यवस्थामा लेखिएको छ अर्थात् लेबीहरूको पुस्तकमा। यो पुनर्स्थापनाको वर्ष अत्यन्तै महान् र उल्लासमय थियो जसलाई साबथ वर्ष पनि भनिन्छ। त्यसबेला सबै ऋणहरू माफी हुन्थ्, आफ्ना जग्गाजमिन वा धितो राखेका सम्पत्तिहरू फिर्ता पाउँथे र कोही मानिसहरू बन्धकमा वा दासत्वमा छन् भने पनि तिनीहरूलाई फुक्का गरिन्थ्यो।

हुन त पचास वर्ष धेरै वर्षहरू हुन जसलाई पर्खिन कतिलाई गाऱ्हो पनि हुन्छ। त्यसैकारण मोशाको व्यवस्थामा अर्को प्रावधान पनि कोरिएको थियो। कोही बन्धनमा छ भने नजिकको आफन्तले ऋण तिरेर उसलाई

छुटाउन सक्थ्यो। उसको आफन्तले फिरौती वा मुक्तिधन तिरेर तिरेर छिट्टै उसलाई राहत दिन सक्थ्यो।

यदि कसैको हत्या भएको छ भने नजिकको आफन्तले हत्या गर्नेले उचित न्याय पाओस् भनेर ग्यारेन्टी पनि दिन सक्थ्यो। हत्याराको पिछा गरेर मार्न चाहनेको निम्ति उचित न्याय पाउन नजिकको आफन्तले हेर्न सक्थ्यो नत्र ऊ आफै आफ्नो आफन्तको बिना न्यायफैसला नगरि हत्या गर्न खोज्नेलाई उसले नै बदला लिन सक्थ्यो वा दण्ड दिन सक्थ्यो (गन्ती ३५:९-१५)।

**उक्त परिप्रेक्ष्यमा येशूको बारेमा कसरी व्याख्या गरिएको छ? हेर्नुहोस्, हिब्रू २:१४-१६ "१४ <u>किनकि छोरा-छोरीहरू मासु र रगतका सहभागी भएका हुनाले उहाँले पनि त्यही स्वभाव लिनुभयो, ताकि मृत्युद्वारा नै मृत्युको शक्ति भएकोलाई, अर्थात् दियाबलसलाई उहाँले नष्ट गरून्, १५ र मृत्युको डरले आजीवन बन्धनमा परेकाहरूलाई उहाँले मुक्त गरिदेऊन्। १६ किनकि साँच्चै नै उहाँले स्वर्गदूतहरूको होइन, तर अब्राहामका सन्तानको वास्ता गर्नुहुन्छ।</u> १७ यसैकारण हरेक कुरामा उहाँ आफ्नै भाइहरूजस्तै बनाइनुपर्‍यो, र मानिसहरूका पापको प्रायश्चित गर्नलाई परमेश्वरको सेवामा उहाँ कृपालु र विश्वस्त प्रधान पूजाहारी बन्नुभयो। १८ किनकि उहाँ आफैले कष्ट भोग्नुभयो र परीक्षित हुनुभयो, यसैले परीक्षामा पर्नेहरूलाई उहाँले सहायता गर्न सक्नुहुन्छ।"**

हामी सैतानका दासहरू हौं तर येशू हाम्रो उद्धारकर्ता हुनुहुन्छ भनेर माथिको अंशले हामीलाई बताउँछ। आदमले पाप गरेकै कारण सबै मानव प्राणी सैतानको शक्तिमुनि रहनुपरेको थियो। त्यसको फलस्वरूप हामीले पापसँग मुकाबिला गर्न हाम्रो शक्ति वा तागत छैन (रोमी ७:१४-२४)। अझ झन खराब कुरो त के थियो भने हाम्रो पापको निम्ति हामीलाई पनि मृत्युदण्डको फैसला सुनाइएको छ जुन हामीले तिर्न असम्भव छ (रोमी ६:२३)। त्यसले गर्दा वास्तविकरूपमा हाम्रो परिस्थिति आशाहिन थियो।

तर येशूले हाम्रो मानव चोला लिएर आउनुभयो र भौतिकरूप वा रगत र मासुमा उहाँ हामी जस्तै हुनुभयो। उहाँ हाम्रो अत्यन्तै नजिकको आफन्त हुनुभयो र र हामीलाई उद्धार गर्न सक्ने हुनुभयो। परमेश्वर भएर पनि हामीलाई उहाँका "भाइबहिनीहरू" भन्न उहाँ लजाउनुभएन (हिब्रू २:११ रूपान्तरित)। उहाँ हाम्रो स्वभावलाई ग्रहण गर्नुभएर हामीलाई मुक्तिमात्र दिनुभएन तर उहाँको सनातन ईश्वरीय स्वभाव पनि उहाँले प्रकट गर्नुभयो। पुरानो करारमा इस्राएलको सत्य मुक्तिदाता वा तिनीहरूको नजिकको सत्य

आफन्त यह्वे नै हुनुहुन्छ भनेर उल्लेख गरिएको छ। हेर्नुहोस् उदाहरणमा, भजन १९:१४, यशैया ४१:१४, यशैया ४३:१४, यशैया ४४:२२, यर्मिया १:११ र होशे १३:१४)।

**प्रभु येशू तपाईंको नजिक हुनुहुन्छ भन्ने आभास् पाउन वा त्यसको वास्तविकतालाई महसुस गर्न तपाईंले कस्तो कस्तो उपायहरू वा अनुभवहरू पाउन सक्नुहुन्छ? तपाईंको आस्था वा विश्‍वासको निम्ति यो अनुभव हुनु किन जरुरी छ?**

## २. तिनीहरूलाई आफ्ना भाइहरू भन्न लजाउनुभएन

हामीलाई आफ्ना भाइबहिनीहरू (मत्ती १२:५०) भन्न उहाँ लाज मान्नुभएन भनेर हिब्रूको पुस्तकले बताउँछ (हिब्रू २:११)। येशू परमेश्‍वर पितासँग एक हुनुभएतापनि उहाँले हामीलाई उहाँको परिवारमा सम्मिलित गराउनुभयो। हिब्रूका पाठकहरूलाई समाजको, देशको वा अझै आफन्तहरूको हेपाइ र सार्वजनिकरूपै बेइज्जत सहनुपरेको थियो (हिब्रू १०:३३)। येशूभक्तहरू सबैको निम्ति तमासा बनेको सन्दर्भमा येशूले तिनीहरूसँग ऐक्यवद्धता वा एकप्राणता जनाउनु हुँदा तिनीहरूलाई व्यवहार गर्नेमा उहाँ जस्तो यस संसारको कोही पनि छैन भनेर देखाउँदछ।

**हिब्रू ११:२४-२६ पढ्नुहोस्। मोशाले जुन निर्णय गरे त्यसले हाम्रो निम्ति येशूले गर्नुहुने निर्णयलाई कसरी उदाहरणको रूपमा प्रस्तुत गरिएको छ? हेर्नुहोस्, "२४ जवान भएपछि विश्‍वासद्वारा मोशाले फारोकी छोरीका छोरा कहलाइन इन्कार गरे। २५ पापको क्षणिक सुख भोग्नुभन्दा बरु परमेश्‍वरका मानिसहरूसँग थिचोमिचोमा पर्न तिनले रोजे। २६ मिश्रदेशको धन-सम्पत्तिभन्दा ख्रीष्टको निम्ति निन्दित हुन तिनले मूल्यवान् सम्पत्ति ठाने। किनभने तिनले आफ्नो दृष्टि इनामतिर लाएका थिए।"**

मोशालाई "राजा फारोहको छोरो" भन्दा उनलाई कस्तो लाग्थ्यो होला, के तपाईंले सोच्नुभएको छ? उनी त्यसबेलाको अत्यन्तै शक्तिशाली साम्राज्यको अत्यन्तै शक्तिशाली व्यक्ति थिए। उनले त्यस देशमा भएको अत्यन्तै उच्च नागरिक र सैनिक तालिमहरू प्राप्त गरेका थिए। उनी उल्लेखनीय, शोभनीय आदरणीय चरित्रका थिए। स्तिफनसको अनुसार "मोशा आफ्ना वचन र काममा शक्तिशाली थिए" (प्रेरित ७:२२)। मिश्र देशका सैनिकहरूको बीचमा उनी प्रिय थिए भनेर एलेन जी ह्वाइटले भन्नुहुन्छ र फारोले उनलाई नाती बनाएर गद्दीको हकदार बनाउन उनले निधो गरेका थिए

(पाट्रियार्क एण्ड प्रोफेटस्, २४५)। आफूलाई इस्राएलीहरूसँग पहिचान गराउन मोशाले ती सबै अवसरहरू गुमाउन उनले निर्णय गरेका थिए। ती इस्राएलीहरू दासत्वको राष्ट्र थियो जसको न त शिक्षा थियो न त शक्ति नै।

**परमेश्वरले हामीबाट के अपेक्षा गर्नुभएको छ? हेर्नुहोस् देहायका पदहरूः मत्ती १०:३२,३३ "३२ "यसकारण हरेक जसले मानिसहरूका सामु मलाई स्वीकार गर्छ, म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने स्वीकार गर्नेछु। ३३ तर हरेक जसले मलाई मानिसहरूका सामुन्ने इन्कार गर्छ, म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने इन्कार गर्नेछु।", २ तिमोथी १:८,१२ "८ यसकारण हाम्रा प्रभुको गवाही दिन शर्म नमान, न त म, उहाँको कैदीको, तर परमेश्वरको शक्तिमा सुसमाचारको निम्ति दुःख-भोगमा तिमी सहभागी होऊ... १२ यसकारण मैले यी कुरा भोगेको पनि छु। तर म शर्माउँदिनँ, किनभने मैले कसमाथि विश्वास राखेको छु सो म जान्दछु, र मलाई निश्चय छ, जुन कुरा त्यस दिनसम्म मैले उहाँलाई सुम्पेको छु, त्यो सुरक्षित राख्न सक्ने उहाँ हुनुहुन्छ।" र हिब्रू १३:१२-१५ "११ प्रधान पूजाहारीले पापबलिको निम्ति जनावरको रगत महापवित्र स्थानमा ल्याउँछन्, तर तिनका शरीरचाहिँ छाउनीबाहिर लगेर जलाइन्छन्। <u>१२ यसकारण येशूले पनि उहाँको आफ्नै रगतद्वारा मानिसहरूलाई पवित्र गराउन ढोकाबाहिर कष्ट भोग्नुभयो। १३ यसैकारण हामी पनि छाउनीबाहिर उहाँकहाँ जाऔं, र उहाँले सहनुभएको बेइज्जत हामी पनि सहौं। १४ किनकि हाम्रो यहाँ रहिरहने सहर छैन, तर आउनेचाहिँ सहरको हामी प्रतीक्षा गर्दछौं। १५ यसकारण परमेश्वरलाई येशूद्वारा प्रशंसाको बलि निरन्तर चढ़ाऔं। यो प्रशंसा उहाँको नाउँ स्वीकार गर्ने ओठको फल हो।</u> १६ भलाइ गर्न र आफूसँग भएका कुरा बाँड़चूँड़ गर्न नभुल, किनकि यस्तै बलिहरूमा परमेश्वर प्रसन्न हुनुहुन्छ।"**

हिब्रूका कतिपय पाठकहरूमा भएका समस्याहरूमा आफूहरूलाई येशू र उहाँका भक्तहरूसँग चिनारी गर्नुबाट हिच्किचयाउनु पनि एक भाग थियो। अनेकौं कष्ट, सतावट र मानिसहरूले तिरस्कृत हुनुपर्दा धेरै विश्वासीहरू येशूका भक्तहरू हौं भन्न लाज मानेका थिए। अझ भनौं भने ती इसाई भनाउँदाहरूनै येशूलाई आदर गर्नुको सट्टा सार्वजनिकरूपमै बेइज्जत गर्न थालेका थिए (हिब्रू ६:६)।

त्यसकारण, पावलले बारम्बार पाठकहरूलाई आफूले स्वीकारेका विश्वास वा आस्थालाई पकडी राख भनेर आह्वान गर्दछन् (हिब्रू ४:१४, हिब्रू १०:२३)। येशू हाम्रो परमेश्वर र दाजु हुनुहुन्छ भनेर हामीले स्वीकार गरुन्

भन्ने परमेश्वरको चाहना हो। हाम्रो मुक्तिदाता हुनुभएर उहाँले हाम्रो ऋण तिरीदिनुभएको छ; हाम्रो दाजु हुनुभएर हामी कसरी जिउनुपर्छ, कस्तो खालको जीवनशैली अपनाउनुपर्छ भनेर येशूले उदाहरणबाटै देखाउनुभएको छ। यस संसारमा हाम्रो अस्तित्वको उद्देश्य नै उहाँको चाहना हो "जस-जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ, उहाँले तिनीहरूलाई आफ्ना पुत्रको रूपसमान बनाउनलाई, धेरै भाइहरूमध्ये उहाँचाहिँ ज्येष्ठ होऊन् भनेर, अघिबाटै नियुक्त गर्नुभयो" (रोमी ८:२९) अर्थात् उहाँको चाहना हो कि उहाँको स्वभाव वा चरित्रमा हामी बुनिन सकौं।

**हामी येशूका सहोदर दाजुभाइ हौं भन्ने देखाउन उहाँले कस्तो निर्णय गर्नुभएको थियो सो एक छिन सोच्नुहोस्। मोशाभन्दा येशूले आफूलाई किन यस्तरी होच्याउनुभयो ताकि उहाँले पाउनुपर्ने आदर वा सम्मान हामी पाउन सकौं? यसले हामीप्रति परमेश्वरको प्रेमको बारेमा के सिकाउँदछ?**

## ३. भौतिक शरीर वा हाड र रगतमा येशू हामी जस्तो हुनुभएको

येशूले मानव स्वभाव ग्रहण गर्नुभयो ताकि उहाँले हाम्रो प्रतिनित्व गरुन् र हाम्रो निम्ति मरुन् भनेर हिब्रूको पुस्तकले बताउँदछ (हिब्रू २:९,१४-१६,हिब्रू १०:५-१०)। मुक्तिको योजना र हाम्रो अनन्त जीवनको केवल आशाको जग यहाँ बताइएको छ।

**हाम्रो भौतिक वा हाड, छाला र रगतको शरीरमा के कमी कमजोरीहरू छन् जुन देहायका पदहरूले बताउँछन्? हेर्नुहोस्, मत्ती १६:१५-१७ "१५ उहाँले तिनीहरूलाई सोध्नुभयो, "तिमीहरू के भन्छौ, म को हुँ?" १६ सिमोन पत्रुसले जवाफ दिए, "तपाईं ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरको पुत्र।" १७ येशूले तिनलाई भन्नुभयो, "योनाको छोरो सिमोन, तिमी धन्य हौ। किनभने मानिसबाट तिमीलाई यो प्रकट भएको होइन, तर स्वर्गमा हुनुहुने मेरा पिताले प्रकट गर्नुभएको हो।" गलाती १:१६,१७ "१६ जब अन्यजातिहरूका बीचमा उहाँको प्रचार गर्नलाई आफ्ना पुत्र ममा प्रकट गराउन उहाँलाई खुशी लाग्यो, तब मैले कुनै मानिससँग केही सल्लाह लिइनँ, १७ न त मभन्दा अघि प्रेरित हुनेहरूकहाँ म यरूशलेममा गएँ, तर तुरुन्तै अरब देशमा गएँ, र पछि दमस्कसमा फर्केर आएँ।", १ कोरन्थी १५:५० "अब भाइ हो, म तिमीहरूलाई यो भन्दछु, मासु र रगत स्वर्गका राज्यको हकदार हुन सक्दैन, न त विनाश अविनाशको हकदार हुन सक्छ।" र एफिसी ६:१२ "किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका**

**विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरूका विरुद्ध हो।"**

"शरीर र रगत" भनेर व्यक्त गर्नुको अर्थ नश्वर मानव जीवनको कमीकमजोरीलाई बताउँछ। यो शरीरमा कमजोरीहरू छन् (एफिसी ६:१२), आफैमा समझशक्तिको कमी (मत्ती १६:१७, गलाती १:१६) र मृत्युमा सहभागी हुनुपर्ने (१ कोरन्थी १५:५०)। सबै थोकमा येशू उहाँका भाइहरू जस्तै बनिनुभएको थियो भनेर हिब्रू २:१७ले बताउँदछ। यसको अर्थ येशू पूर्णरूपमा मानिस हुनुभएको थियो। उहाँ सत्य मानिस वा वास्तविक मनुष्य हुनुभयो, उहाँ सत्यरूपमा हामीमध्ये एक हुनुभएको थियो। तर *पापको मामिलामा* येशू हामीभन्दा फरक हुनुहुन्थ्यो भनेर हिब्रूले भन्दछ। पहिलो त, उहाँले कुनै पाप गर्नुभएन (हिब्रू ४:१५)। दोस्रोमा, येशूमा मानव स्वभाव थियो जुन "पवित्र, निर्दोषी, खोटरहित र पापीहरूबाट अलग" (हिब्रू ७:२६)। हामीमा खराब गर्ने बानी, झुकाव, प्रवृत्ति वा नियत छ। हामी पापको बन्धनमा परेकोले हाम्रो गहिरो स्वभावबाट पाप गर्ने प्रवृत्ति हुन्छ। हामी "भौतिक वा शारीरिक र पापमा बेचिएका" हौं (रोमी ७:१४, रोमी ७:१५-२० पनि हेर्नुहोस्)। हामीले जतिसुकै असल काम गरेतापनि वा गर्न चाहेतापनि हामीमा केही न केही किसिमको घमण्ड, अहंकार, इज्जत वा भाऊ खोज्ने प्रवृत्ति जस्ता पापी नियतहरूले प्रदुषित भएका छौं। कहिलेकाहीं हाम्रो असल काम पनि दाग भएको हामी भेट्टाउँछौं। मानिसको जन्म लिएपछि त्यो स्वभाव स्वतः हामीले बोकेर आएका हुन्छौं। यदि येशू पनि हामी जस्तो "भौतिक वा शारीरिक र पापमा बेचिनुभएको" भए उहाँलाई पनि हामीलाई जस्तै मुक्तिदाताको आवश्यक हुनुपर्थ्यो। बरु उहाँ मुक्तिदाता भएर आउनुभयो र हाम्रो निम्ति परमेश्वरमा निष्खोट बलिदान हुन स्वइच्छाले आउनुभयो (हिब्रू ७:२६-२८), हिब्रू ९:१४)। हाम्रा पापहरूको निम्ति निष्खोट बलि वा भेटी हुनुभएर क्रुसमा मर्नुभयो जसले गर्दा उहाँले सैतानको शक्तिलाई नाश गर्नुभयो। उहाँको त्यस कार्यले गर्दा हामी क्षमा पाउन सक्ने भयौं र परमेश्वरसँग मिल्न सक्ने भयौं (हिब्रू २:१४-१७)। हामी ठिक वा धर्मी जीवन बिताउन उहाँले हामीलाई शक्ति दिनुभएर येशूले हामीमाथि पापको शक्तिलाई तोड्नुभयो। त्यो उहाँले परमेश्वरको व्यवस्थालाई हाम्रा हृदयहरूमा लेख्नुभएर नयाँ करारको प्रतिज्ञालाई पूरा गर्नुभएको थियो (हिब्रू ८:१०)। यसरी येशूले शत्रुलाई पराजित गर्नुभयो र प्रभवाकारीरूपमा हामीलाई यसरी स्वतन्त्र गर्नुभयो कि अब हामीले जीवित

परमेश्वरको सेवा गर्न सक्ने भएका छौं (हिब्रू ९:१४)। अन्तिम न्यायमा (प्रकाश २०:१-३, १०) शैतानको अस्तित्व अन्तिम हुनेछ।

**येशूमा हामीले विजय पाउन सक्छौं भन्ने प्रतिज्ञाको बाबजुद पनि कतिपय हामी पापसँग किन संघर्ष गरिरहेका हुन्छौं? हामीले के गलत काम गरिरहेका छौं र अझ महत्त्वपूर्ण कुरो त ख्रीष्टले आह्वान गर्नुभएको उच्च आदर्शको जीवन बिताउन कस्तो कदमहरू चाल्न सुरु गर्नुपर्छ?**

## ४. दुःखकष्ट र सतावटबाट सिद्ध हुनु

**येशूको जीवनमा अनेकौं सतावट, दुःख कष्ट सहनुभएको थियो। के कामको लागि उहाँले ती कष्टहरू भोग्नुभएको थियो? हेर्नुहोस्, हिब्रू २:१०,१७-१८ "१० यो उचित थियो, कि परमेश्वर, जसको निम्ति र जसद्वारा सबै थोकको अस्तित्व छ, उहाँले नै धेरै सन्तानलाई महिमामा ल्याउनुहुँदा तिनीहरूका मुक्तिका कर्ता येशूलाई कष्टहरूद्वारा सिद्ध तुल्याउनुभयो ...१७ यसैकारण हरेक कुरामा उहाँ आफ्नै भाइहरूजस्तै बनाइनुपर्‍यो, र मानिसहरूका पापको प्रायश्चित गर्नलाई परमेश्वरको सेवामा उहाँ कृपालु र विश्वस्त प्रधान पूजाहारी बन्नुभयो। १८ किनकि उहाँ आफैले कष्ट भोग्नुभयो र परीक्षित हुनुभयो, यसैले परीक्षामा पर्नेहरूलाई उहाँले सहायता गर्न सक्नुहुन्छ।" र हिब्रू ५:८,९ "८ उहाँ पुत्र हुनुहुन्थ्यो, तापनि आफूले भोग्नुभएको कष्टद्वारा उहाँले आज्ञापालन गर्न सिक्नुभयो, ९ र सिद्ध तुल्याइएर उहाँको आज्ञापालन गर्नेहरू सबैका निम्ति उहाँ अनन्त मुक्तिको स्रोत बन्नुभयो।"**

परमेश्वरले येशूलाई ""कष्टहरूद्वारा सिद्ध" बनाउनुभयो भनेर प्रेरितले भन्दछन्। यो अभिव्यक्ति अचम्मको छ। येशूको बारेमा लेखकले यसरी उल्लेख गरेका थिए "उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ, र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्भाल्नुहुन्छ" (हिब्रू १:३) र उहाँ पापरहित, निष्खोट, पवित्र र शुद्ध हुनुहुन्छ (हिब्रू ४:१५, हिब्रू ७:२६-२८, हिब्रू ९:१४, हिब्रू १०:५-१०)। यसको अर्थ कुनै किसिमको नैतिक वा चारित्रिक असिद्धपनामाथि विजय पाउन उहाँले केही पनि गर्नुपरेको थिएन। उहाँ नैतिकता र आचारमा सिद्ध हुनुहुन्थ्यो।

तर येशू "शुद्ध" हुने प्रक्रियामा जानुभएको थियो भनेर हिब्रूको पुस्तकले किटान गरेको छ। त्यसको अर्थ उहाँको त्यस प्रक्रियाले हामीलाई

मुक्ति उपलब्ध गराएको थियो। उहाँ हाम्रो मुक्तिदाता हुन सज्जिनु वा परिशुद्ध गरिनुभएको थियो। दुःखकष्टद्वारा हाम्रो मुक्तिको अग्रज, अगुवा वा क्याप्टेन हुनुभएको थियो (हिब्रू २:१०)। परमेश्वर पिताले हामीलाई कानुनीरूपमा मुक्ति दिन येशू क्रुसमा बलि हुनुपरेको थियो। येशू सिद्ध र केवल उहाँमात्र भेटी बलि हुनुभएको थियो। परमेश्वरले जस्तै येशूले पनि हामीलाई न्याय गर्नुहुनेछ; किनभने उहाँको बलिदान वा त्यागले येशूले हामीलाई उद्धार पनि गर्न सक्नुहुन्छ।

मानव चोला लिएर आउनुभएको येशूले दुःखकष्टबाट आज्ञाकारी हुन सिक्नुभएको थियो (हिब्रू ५:८)। दुई कारणले आज्ञाकारी हुनु आवश्यक थियो। पहिलो त, उहाँ आज्ञाकारी हुनुभएकोले उहाँ आफू बलि हुने कुरालाई स्वीकार गर्नुभएको थियो (हिब्रू ९:१४, हिब्रू १०:५-१०)। दोस्रोमा, उहाँको दुःखकष्टले गर्दा उहाँ हाम्रो अनुकरणीय उदाहरण बन्न पुग्नुभएको थियो (हिब्रू ५:९)। आज्ञाकारी हुन कहिल्यै पनि अनुभव नगर्नुभएकोले वा नगर्नुपरेकोले उहाँले "सिक्नु परेको" थियो। उहाँ आफै परमेश्वर हुनुभएकोले उहाँले कसको आज्ञा पालन गर्नुपर्थ्यो र? परमेश्वरको अनन्तको पुत्र र परमेश्वरसँग एक हुनुभएकोले सारा जगतको शासक हुनुभएको हैशियतले सारा जगतका जीवहरूले उहाँको आज्ञा पालन गर्दथे। त्यसकारण, हामी जस्तो उहाँ अट्टेरी वा अनाज्ञाकारीबाट प्रगति गर्दै र सिद्ध हुँदै आज्ञाकारी हुँदै सिद्ध हुनुभएको थिएन। तर उहाँ सारा जगतको सार्वभौमिक र मालिक हुनुभएर मानव कल्याणको निम्ति उहाँले आफूलाई अपूर्ण पार्नुभयो र आज्ञाकारी हुनपर्ने हुनुभयो। उच्च पारिनुभएको परमेश्वरको पुत्र आज्ञाकारी हुन मानिसको पुत्र हुनुभयो।

येशू परिक्षामा पर्नुभएर जुन कष्ट पाउनुभयो र त्यसबाट उहाँ विजयी हुनुभयो त्यसको फलस्वरूप उहाँ करुणामय र दयालु प्रधान पूजारी हुनु भएको थियो(हिब्रू २:१७,१८)। उहाँले दुःखकष्ट पाउनुभएकोले धेरै दयालु वा सदाशयी हुनुभएको होइन। तर त्यसको बिपरित उहाँ दयालु, सदाशयी र करुणामयी हुनुभएकोले स्वइच्छाले क्रुसमा मर्न आउनुभएको थियो ताकि हामीले मुक्ति पाउन् (हिब्रू १०:५-७सँग रोमी ५:७,८ तुलना गर्नुहोस्। उहाँले अनेकौं दुःखकष्ट पाउनुभएकोले नै उहाँको भातृत्व प्रेमको वास्तविकतालाई सत्यरूपमा व्यक्त र प्रकट गरिएको थियो।

**यदि पापरहित, निर्दोष, निष्खोट येशूले त अनेकौं दुःखकष्ट र परिक्षामा पर्नुभयो भने हामी त झन कति दुःखकष्ट र परिक्षामा पर्छौं, होइन त? हाम्रो जीवनमा आउने अनेकौं वियोगहरू, दुःखकष्ट, आपदविपद, महामारीलाई सहन**

**हामी कसरी सिक्ने, फेरि त्यसैवखत प्रभुबाट आशा र मुक्तिदिने निश्चयतामा भर परिरहन कसरी सक्षम् भइरहन्छौं? प्रभुले हामीलाई उहाँको प्रेम धेरै प्रभावकारीरूपमा प्रकट गर्नुभएको छ, त्यसलाई आत्मसात् गर्दा सबै कुरा सहन के हामीले उहाँबाट बल पाउँदैनौं र?**

## ५. अनुकरणीय उदाहरणको रूपमा हाम्रो दाजु

येशूले मानव स्वभाव किन ग्रहण गर्नु भयो र त्यस अनुसार हामीसँग रहनु भयो भन्ने अर्को कारण पनि छ। त्यो हो, उहाँ हाम्रो अनुकरणीय उदाहरण हुन सकोस्। परमेश्वरको सामु कसरी उचित जीवन बिताउनुपर्छ भन्ने आदर्श नमुना केवल उहाँमात्र हुनुहुन्छ।

**येशूभक्तको जीवनयात्रा एक किसिमले दौडमा भाग लिनु जस्तो हो। हिब्रूको लेखकको अनुसार त्यो दौडमा हामी कसरी दगुरीरहनुपर्छ भनेर हिब्रू १२ः१-४मा लेखेको पढ्नुहोस्ः "१ यसकारण यतिका साक्षीहरूको ठूलो बादलले हामीलाई घेरिराखेको हुनाले, हरकिसिमका बोझा र हामीलाई सजिलैसित अल्झाउने पापलाई पन्छाएर हाम्रा सामुन्ने राखिदिएको दौड धैर्यसाथ दौडौं। २ हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केहीजस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ। ३ पापीहरूबाट उहाँको विरुद्धमा भएका यतिका विवादहरू सहनुहुनेलाई विचार गर, र तिमीहरू शिथिल नहोओ, अनि हरेस नखाओ। ४ पापको विरुद्धमा तिमीहरूले गरेका सङ्घर्षमा रगत बगाउनुपर्ने अवस्थासम्म तिमीहरू पुगेका छैनौ।"**

प्रेरितले हिब्रू ११ अध्यायमा अनुकरणीय उदाहरणका पात्रहरूको लामो सूची प्रस्तुत गरेका छन्। येशूलाई ती विश्वासका पात्रहरूमा उनले शिखरमा राखेका छन्। यस अंशमा लेखकले येशूलाई "हाम्रो विश्वासको स्थापक र सिद्ध वा परिपक्व बनाउनुहुने" (रूपान्तरित) भनेर उल्लेख गरेका छन्। स्थापक भन्ने ग्रिक भाषामा archegos (आर्किगोस्) हो जसलाई "अग्रज" भनेर पनि अनुवाद गर्न सकिन्छ। येशू दौडको अग्रज हुनुहुन्छ अर्थात् उहाँ सबै विश्वासीहरूको अगाडि दगुर्नुहुन्छ। हिब्रू ६ः२०मा उहाँलाई "अग्रदूत" वा "पूर्वज" भनेर सम्बोधन गरिएको छ। "सिद्ध" वा "पूरा गर्नुहुने" भन्ने शब्दले येशूले परमेश्वरमाथिको विश्वास सक्दो शुद्धरूपमा प्रस्तुत गर्नुभएको थियो भन्ने अर्थ दिन्छ। यस अंशले येशूको बारेमा हामीलाई दुई धारणाहरू सिकाउँदछन्ः

उहाँ हाम्रो दौडमा अगाडि दगुर्नुभएर त्यो दौड सफलतासाथ पूरा गर्ने पहिलो हुनुहुन्छ। उहाँले नै विश्वासद्वारा जिउनु भन्ने के हो भन्ने कलालाई सिद्धरूपमा प्रस्तुत गर्नुभएको थियो। हिब्रू २:१३मा यसरी लेखिएको छः "र फेरि, “म उहाँमाथि मेरो भरोसा राख्नेछु।” र फेरि उहाँ भन्नुहुन्छ, “हेर, म र परमेश्वरले मलाई दिनुभएका यी छोरा-छोरीहरू।” यहाँ के भइरहेको छ भने येशूले उहाँको भरोसा परमेश्वरमाथि राख्नुहुनेछ भन्नुभएको थियो। यो कथन यशैया ८:१७,१८मा लेखिएको जस्तै हो।

जब यहूदा देशलाई उत्तरी इस्राएल र सिरियाले लडाइँ गर्न धम्की दिएका थिए (यशैया ७:१,२), तब यशैयाले आफ्ना जनहरूलाई परमेश्वरप्रति प्रतिबद्धता व्यक्त गर्दै यसरी बोलेका थिए "१७ याकूबको घरानादेखि आफ्नो मुख लुकाउनुहुने परमप्रभुको म प्रतीक्षा गर्नेछु, र उहाँमा नै म मेरो भरोसा राख्नेछु। १८ म र परमप्रभुले मलाई दिनुभएका छोराछोरीहरू यहीं नै छौं। सियोन पर्वतमा विराजमान हुनुहुने सर्वशक्तिमान् परमप्रभुतर्फबाट इस्राएलमा हामी चिन्ह र लक्षण हौं" (यशैया ८:१७-१८)। परमेश्वरमाथि उनको विश्वास यहूदाका राजा आहाजको विपरित थियो (२ राजा १६:५-१६)। यहूदाले परमेश्वरमाथि विश्वास राखेका थिएन। उनी दाउदको छोरा वा घरानाको भएकोले परमेश्वरले उनलाई आफ्नै छोरो जस्तै गरेर सुरक्षा दिन्छु भन्नु भएको थियो। परमेश्वरले उनलाई सदाशयता देखाउनुभएर आफ्नो प्रतिज्ञालाई प्रमाणित गर्न चिन्ह माग भन्नुभएको थियो। तर, राजा आहाजले परमेश्वरको कुरा सुन्न अस्वीकार गरे र चिन्ह माग्न चाहेनन्। जीवित परमेश्वरमाथि विश्वास गर्नुको सट्टा उनले असेरियाका राजा तिग्लाथ-पिलेसरलाई आफ्नो दूतद्वारा यो खबर पठाए, "म तपाईंको दास हुँ र तपाईंको छोरो" (२ राजा १६:७ रूपान्तरित)। यो कस्तो दुःख लाग्दो कुरो छ! आहाज परमेश्वरको छोरो हुनुको सट्टा विदेशी मूर्तिपूजक राजा तिग्लाथ-पिलेसरको "छोरो" भएको मन पराए।

तर येशूले परमेश्वरमाथि आफ्नो भरोसा राख्नुभयो र उहाँको प्रतिज्ञामाथि भरपर्नुभयो। त्यस प्रतिज्ञामा उहाँले उहाँका शत्रुहरूलाई उहाँको पाऊमुनि राख्ने भनिएको थियो (हिब्रू १:१, हिब्रू १०:१२,१३)। त्यही प्रतिज्ञा परमेश्वरले पनि हामीलाई दिनुभएको छ, र जसरी येशूले उहाँमाथि विश्वास गर्नुभयो त्यसरी हामीले उहाँमाथि विश्वास गर्नु जरुरी छ (रोमी १६:२०)।

**हाम्रो दैनिक जीवनमा हामीले गरेका निर्णयहरूले हामी परमेश्वरमाथि भरोसा राखेका छौं भनेर देखाउन कसरी सिक्ने? तपाईंले गर्ने महत्त्वपूर्ण निर्णय**

**के हो र त्यस निर्णयले परमेश्वरमाथि तपाईंको भरोसा छ भनेर कसरी निश्चित भएर देखाउने?**

## उपसंहारः

**थप जानकारीः** आफ्ना भाइहरूलाई उहाँको पितालाई प्रस्तुत गर्दै येशूले भन्नुभएको थियो "हेर्नुहोस्, फेरि तपाईं परमेश्वरले मलाई दिनुभएका यी छोरा-छोरीहरू।" भनेर हिब्रू २:१३मा (रूपान्तरित) उहाँका शब्दहरू उल्लेख गरिएका छन्। एक जना बाइबलको विद्वानले भन्दछन कि येशूले आफूलाई उहाँका भाइबहिनीहरूको संरक्षक भएको स्वीकार्नुभएको थियो। रोमको नागरिक कानुनमा tutela impuberu (ट्युटला इम्प्युबरुम) प्रावधान लेखिएको छ। यसमा बाबुको मृत्युमा "शिक्षक जो प्रायजसो जेठो दाजुले कान्छा भाइबहिनीहरूको स्याहारसुसार गर्नुपर्नेछ। तिनीहरू ठूलो नहुञ्जेल बाबुको सबै सम्पत्तिको संरक्षक जेठो दाजु हुनेछ। यसले गर्दा साना भाइबहिनीहरूप्रतिको जिम्मेवार स्वःत जेठो दाजुको भएकोले उसको काँधमा गहिरो जिम्मेवारी हुन्छ।"-*गड्ली फियरः द इपस्टल टु द हिब्रूज एण्ड ग्रिको-रोमन क्रिटिक्स अभ सुपरस्टिटशन* (आटलान्टाः सोसाइटी, २००३), पृ. १२६बाट रूपान्तरित। त्यसबेलाको परिप्रेक्ष्यमा येशूले उहाँका विश्वासीहरूलाई उहाँका सहोदर भाइबहिनी र उहाँकै छोराछोरी भनेर हिब्रूमा सम्बोधन गरिएको थियो। हाम्रो ठूलो दाजु हुनुभएकोले येशू हाम्रो शिक्षक, संरक्षक र सुरक्षा दिनुहुने हुनुहुन्छ।

"यस पृथ्वीमा येशूले मानव चोला लिनुभएकोमा एउटा विशेष कारण छ। उहाँ परमेश्वरको सामु मानिसको प्रतिनिधित्व गरेर उभिरहनुभएको छ। जुन स्वरूपमा परमेश्वरले मानिसलाई सृष्टि गर्नुभएको थियो त्यो स्वरूपसँग पिता र पुत्रको सम्बन्ध कायमै छ भनेर उहाँ र शैतानको बीचमा भइरहेको महान् विवादमा उहाँले देखाउनुभएको थियो। येशू आफै मानवरूप धारण गर्नुभएर परमेश्वरका प्रत्येक आज्ञा वा आवश्यक निर्देशनहरू आफूले पालन गर्न सकेकोमा मानिस जतिसुकै पतित भएतापनि उहाँको सहायताले ती निर्देशन र आज्ञाहरू पालन गर्न सक्छ भनेर उहाँले प्रमाणित गर्नुभएको थियो।"-एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेजेज्,* बुक १, पृ. २५३बाट रूपान्तरित।

"परमेश्वरबाटै सुरुभएको निश्वार्थ सेवाको उत्कृष्ट र पक्का उदाहरण येशूले आफ्नो जीवन र शिक्षादीक्षाबाट हाम्रो सामु प्रस्तुत गर्नुभएको थियो। परमेश्वर आफ्नो निम्तिमात्र जिउनु हुन्न। जगत र संसारलाई सृष्टि गर्नुभएर र

सबै थोकहरू सम्हाल्नुभएर उहाँले निरन्तररूपमा अरूहरूको सेवा गर्दै हुनुहुन्छ। यस मामिलामा येशूले पनि भन्नुभएको थियो, "४३ "तिमीहरूले यसो भनेको सुनेका छौ, 'तिम्रो छिमेकीलाई प्रेम गर, र तिम्रो शत्रुलाई घृणा गर। ÷ ४४ तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर, ४५ र तिमीहरू स्वर्गमा हुनुहुने आफ्ना पिताका छोराहरू हुनेछौ। उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ। ४६ किनभने यदि तिमीहरूसँग प्रेम गर्नेहरूलाई मात्र प्रेम गर्दछौ भने तिमीहरूलाई के इनाम छ? के महसुल उठाउनेहरूले पनि त्यसै गर्दैनन् र?" (मत्ती ५:४३-४६)। यो आदर्शमय सेवाको जिम्मेवारी परमेश्वरले येशूलाई सुम्पन्नुभएको थियो। सारा मानिसको मूली वा प्रधान भएर उभिन येशूलाई जिम्मा लगाइएको थियो ताकि उहाँको उदाहरणले अरूहरूलाई सेवा गर्नु भनेको के हो भनेर उहाँले सिकाउन सकुन्।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ६४९बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ. हामीलाई मुक्ति दिन येशू हाम्रो दाजु हुनुभयो भनेर हिब्रूको पुस्तकले हामीलाई बताउँदछ। हामीलाई उद्धार गर्न परमेश्वरले कतिसम्म आफ्नो कदम चाल्नुभएको रहेछ सो सोच्नुहोस्। उहाँको त्यस अचम्मको वास्तविक प्रेमबाट अलग भएर बस्न रुचाउँदा मानव जीवनको निम्ति कस्तो कहालीलाग्दो भूल किन हुने रहेछ?**

**आ. येशू जन्मनुभयो तर "पापमा नबेचिनु" (रोमी ७:१४) किन महत्त्वपूर्ण धारणा हो? मोशाको बारेमा सोच्नुहोस्। इस्राएलीहरू जस्तै मोशा दास नभएको तिनीहरूको निम्ति किन महत्त्वपूर्ण छ? सानै किसिमले किन नहोस् मोशाको कथाले हाम्रो निम्ति येशूले के गर्नुभयो सो सिकाउन हामीलाई कसरी सहयोग गर्दछ?**

**इ. हाम्रो जीवनमा आउने दुःखकष्ट वा सतावटको बारेमा अझ सोच्नुहोस्। कहिलेकाहीं दुःखबाट असलै नतिजा आएतापनि दुःखकष्ट पाउनु असल हो भन्ने मनस्थितिमा हामी किन पर्नुहुन्न?**

## कथा ४
## बाइबल त केवल पादरी, धर्मगुरु, पण्डित वा फादरहरूको निम्तिमात्र हो
### आन्जेलो पेरिइरा, ४३
### टिमोर-लेस्ट



मेरो हृदयले बाइबल पढ्न चाहेको थियो, तर मेरा चर्चका अगुवाहरूले बाइबल केवल फादर वा धर्मगुरुहरूलेमात्र पढ्ने हो भनेर मलाई सिकाएका थिए। अनि के भयो त? म इसाई परिवारमा नै हुर्केको थिएँ र मेरो कोडो गाउँको चर्चमा म जहिले पनि सक्रिय थिएँ। जब म २३ वर्षको थिएँ तब मेरो चर्चका युवाहरूको अगुवा हुन थालें। २७ वर्षको उमेरमा मेरो गाउँबाट बाहिर सुसमाचार प्रचार गर्न गएँ। मेरो जोश देखेर चर्चका अगुवाहरूले मलाई गाउँको चर्चको अगुवा हुन नियुक्ति गरे। त्यसबेला म ३१ वर्षको थिएँ। मैले १२ वर्षसम्म चर्चको पुस्तकबाट प्रत्येक आइतबार प्रवचन दिन थालेको थिएँ। अनि एक दिन एडभेन्टिस्ट चर्चको मरियो मेरो घरको बगैंचामा सघाउन आए। त्यसबेला उनले मैले कहिल्यै नसुनेको बाइबलको वचन सुनाए। मलाई बाइबलको बारेमा झन सिक्न मनलाग्यो। एक दिन मेरो चर्चमा ठूलो भेला भएको थियो र त्यसबेला हामीलाई पनि बोल्ने मौका दिइयो। प्रत्येक सदस्यले बाइबलबाट पाठहरू सिकुन् भनेर मैले प्रस्ताब राखें। तर धर्मगुरु बिशपले त्यसको आपत्ती जनाए, "बाबु, बाइबल त केवल धर्मगुरुहरूको निम्तिमात्र हो। सर्वसाधारणले बाइबल पढ्ने अनुमति छैन। हामीले जे सिकाउँछौं त्योमात्र अरूहरूलाई सिकाउनुपर्दछ। जब भेला सकियो तब मेरो हृदय वेचैन भयो। "मैले बाइबल किन पढ्न सक्दिनँ?" भनेर अचम्म मानें। प्रार्थना गर्दै मैले प्रभुलाई सोधें,"सत्य प्रभु को हुनुहुन्छ? मेरा जवानहरूलाई म सिकाउन चाहन्छु।" घर फर्केपछि मेरो मन वेचैन भइरहेको थियो। मेरो हृदयले एडभेन्टिस्ट बाइबल सुसमाचारीय कार्यकर्तासँग बाइबल सिक्न अनुरोध गर्दै भनें, "म तपाईंसँग एक वर्ष नै बाइबल पढ्नेछु।" मेरियो र मैले मिलेर २८वटा बाइबलका शिक्षादीक्षाहरू सिकें। केही महिनापछि उनले मलाई भने, "अब तपाईंलाई सत्य के हो सो तपाईंलाई थाहा छ। असत्य बाटोमा नलागिरहनुहोस्। तपाईंका चर्चका

सदस्यहरूलाई असत्य शिक्षादीक्षा नसिकाउनुहोस्। नत्र तपाईँ परमेश्वरको राज्यको अनुभव गर्न सक्नुहुन्न। मेरियोले सत्य बोलिरहेको मैले महसुस गरिरहेको थिएँ। आफ्ना चेलाहरूलाई येशूले भन्नुभएको वचन मलाई याद आयो, "यसैकारण जसले यी आज्ञाहरूमध्ये सबैभन्दा सानोलाई उल्लङ्घन गर्ला, र मानिसहरूलाई त्यसै गर्न सिकाउला, स्वर्गको राज्यमा त्यो सबैभन्दा सानो कहलाइनेछ। तर जसले ती आज्ञाहरू पालन गर्ला र सिकाउला, स्वर्गको राज्यमा त्यो ठूलो कहलाइनेछ। किनभने म तिमीहरूलाई भन्दछु, तिमीहरूको धार्मिकता धर्मगुरु, शास्त्री र फरिसीहरूको भन्दा बढ़ी भएन भने तिमीहरू कुनै रीतिले स्वर्गको राज्यमा प्रवेश गर्नेछैनौ" (मत्ती ५:१९-२०)। परमेश्वरको राज्यमा म महान् कहलाउन चाहेको थिएँ, तर मेरो विगतको दोषले मलाई दुःखित बनाएको थियो। तुरन्तै चर्चको अगुवाबाट मैले राजिनामा दिएँ, तर चर्च तुरन्तै छोड्ने आँट आएन। ६ वर्ष मैले प्रार्थना गरेँ, "प्रभु म तपाईँका जनहरूसँग कहिले समाबेश हुन सक्छु र?"

एक दिन मेरो काकाको घरमा गएको थिएँ जहाँ मेरियो उनीसँग कुरा गर्दै थिए। त्यसबेला बप्तिस्मा लिएर मेरो मुक्तिदातालाई जीवन दिने तिब्र चाहना गरेँ। "म कहिले बप्तिस्मा लिन सक्छु?" मेरियोसँग सोधेँ। उनले एडभेन्टिस्ट पास्टरसँग तुरन्तै सम्पर्क गरे। कोभिड १९ ले गर्दा उनको निम्ति विशेष बप्तिस्माको कार्यक्रमको आयोजना गरे। मेरा श्रीमतीका बाबुआमाहरूसहित सन् २०२० मा मैले बप्तिस्मा लिएँ।